गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# पर्यटन तथा उद्योग कार्यालय, गोरखा ।

गण्डकी प्रदेश, नेपाल ।

प.सं.: २०८०/८१

## १ वर्ष भन्दा बढी अवधि नविकरण नभएका प्राईभेट फर्महरुको नविकरण गर्ने सम्वन्धी सूचना

सुचना प्रकाशित मितिः- २०८१।०३।२६

साविक घरेलु तथा साना उद्योग विकास समिति/घरेलु तथा साना उद्योग कार्यालय, गोरखामा दर्ता भई सञ्चालनमा रहेका तर विविध कारणले नविकरण गर्ने म्याद १ वर्ष भन्दा बढी अवधि कटी समयमै नविकरण हुन नसकेका जुनसुकै प्राईभेट फर्महरुले गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०८१ को नियम ७ मा व्यवस्था भएको दस्तुर र जरिवाना रकम कार्यालयमा वुझाएमा त्यस्ता प्राईभेट फर्महरुको नविकरण हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

नविकरणका लागि आवश्यक कागजातहरुः

१. फर्म दर्ताको सक्कल प्रमाण-पत्र

२. PAN/VAT दर्ता प्रमाण-पत्रको प्रतिलिपि

३. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि

४. पचास लाख रुपैंया वा सो भन्दा वढी पूँजी भएको प्राईभेट फर्मको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र सम्बन्धित प्राइभेट फर्मको प्रोपराईटरले प्रमाणित गरेको अनुसूची-३क बमोजिमको वार्षिक कारोवारको फाँटबारी

२०८१।०३।२६

.................

कार्यालय प्रमुख

सम्पर्क नं.:- ०६४:४२०१९३, इमेलः tiogorkha@gmail.com

CamScanner